# ३. सृष्टिबारे वेद, उपनिषद् के भन्छ ?

शिरीषवल्लभ प्रधान

यो सृष्टि अत्यन्त सुन्दर मात्र छैन, अपार र रहस्यमय पनि छ । सृष्टिको रहस्योद्घाटन गर्न, त्यसका नियमहरु बुझ्न हजारौं वर्षदेखि मानिस प्रयत्नरत छ । तर सृष्टिका सम्पूर्ण रहस्यहरु मानव मस्तिष्कले उजागर गर्न सकेको छैन र शायद उसले सम्पूर्ण सत्य प्रकाशित गर्न कहिल्यै सक्ने छैन । यो मानव मस्तिष्क त्यही विशाल अस्तित्वको यौटा सानो अंशमात्र हो । सीमित मानव मस्तिष्कले के असीमित, अनन्त ब्रह्माण्डको रहस्योद्घाटन गर्न सक्ला ? के पानीको एक थोपाले सिंगो सागर जान्न सक्ला । भनिन्छ, नूनको सानो ढिक्को सागरको गहिराइ नाप्न हिड्यो र जांदा, जांदै वीचमै त्यो पग्लेर सागरमै विलायो, आफ्नो अस्तित्व नै हरायो ।

तर पनि मानिसले अनेकौं प्रयासहरु जारी राखेका छन् सृष्टिको रहस्य जान्न र त्यसमा केही हदसम्म उ सफल पनि भयो। वेद, उपनिषद्का अनुसार ब्रह्म नै जगतको सृष्टि, स्थिति र लय (सहार) को एकमात्र कारण हो । संसारको निमित्त कारण र उपादान कारण दुबै ब्रह्म नै हो भन्ने निश्कर्ष वेदान्तको छ । मानव सभ्यताको सबैभन्दा पुरानो मानिने ग्रन्थ ऋग्वेदको नासदीयसूक्तको सृष्टिबारे गरिएको निम्नउद्घोष मानव मस्तिष्कको उच्चतम अभिव्यक्ति मानिन्छ,

*नासदासीन्नो सदासीत् तदानीं नासीद्रजो नो व्योमा परो यत्*
*किमावरीवः कुह कस्य शर्मन्नम्भः किमासीद्गहनं गभीरम् ।* (ऋग् १०.२९.१)

त्यसवखत (सृष्टिको सुरुमा) न सत् थियो न असत् । न पृथ्वी थियो न अन्तरिक्ष । न त्यसभन्दा पर नै केही थियो । तब कसले कसलाई ढाकेको थियो? के त्यहाँ जल थियो अथाह जल, थियो भने कसको आधारमा ? सृष्टिको सुरुमा नाम र रुपले युक्त बस्तु केही अस्तित्वमा थिएन, त्यसैले सत् थिएन भनियो । त्यस्तै असत् पनि थिएन, किनभने असत्बाट सत्को उत्पत्ति कसरी हुनसक्छ? ।

छान्दोग्य उपनिषद्मा श्वेतकेतूलाई पिता आरुणिले सृष्टिबारे सम्झाउँदै यस्तो भनेका छन्:

*सदेव सोम्येदमग्र आसीदेकमेवाव्दितीयम्*

*अर्थात्,* सुरुमा (सृष्टि पूर्व) यो एकमात्र अव्दितीय सत् थियो । कसै, कसैले यस्तो पनि भनेका छन्, *आसीदेकमेवाव्दितीयं तस्मादसतः* अर्थात्, सुरुमा एकमात्र अव्दितीय असत् नै थियो । त्यस असत्बाट सत्को उत्पत्ति भयो । असत्बाट सत्को उत्पत्ति कसरी भयो भन्ने तर्क गर्दै आरुणिले फेरि भन्छः सुरुमा यो एउटा अव्दितीय सत् नै थियो । (छान्दोग्य ५.२.१–२)

सृष्टिको सुरुमा सत् थियो कि असत् भन्नेबारे निकै गहन वादविवाद चल्ने गरेको छ। अव्दितीय असत्को अर्थ सत्को अभाव भन्ने बुझिन्छ, अस्तित्वहीन भनिएको हैन । नाम, रुपको

विकारलेयुक्त जगतको ठाउँमा अव्यक्त सत् थियो सर्वप्रथम । एकमात्र सत्‌बाट कसरी सृष्टि भयो त भन्नेबारे छान्दोग्य अगाडि भन्छ,

*तदैक्षत बहुस्यां प्रजायेयेति तत्तेजोः सृजत*

अर्थात्,त्यस सत्‌ले ईक्षा गर्यो म धेरै भैजाऊँ, अनेक प्रकारले उत्पन्न होऊँ । यसरी इक्षा गरी त्यसले तेज उत्पन्न गर्यो, त्यस तेजले फेरि विभिन्न प्रकारले उत्पन्न हुने ईक्षा गर्यो र जलको रचना गर्यो । जसरी मानिस रीसले तातोभएपछि पसीना आउँछ त्यस्तै तेजबाट जल उत्पन्न हुन्छ । त्यस जलले ईक्षा गर्यो कि म धेरै भैजाऊँ र अन्न उत्पन्न गर्यो, त्यसैले जहाँ वर्षा हुन्छ त्यहीं अन्न फल्छ । यसरीसृष्टिबारे उपनिषद्‌मा रमाइलो वर्णन गरिएको छ । यसलाई शाव्दिक अर्थमा नलिइकन संकेतरुपमा लिनु पर्छ । सूर्यका किरणले वातावरण तातेपछि वाष्पकणहरु आकाशमा वादलकोरुपमा जम्मा हुनथाल्छ, जसबाट वर्षा हुन्छ, जुन अन्न उत्पादननिम्ति सहायक हुन्छ ।

नासदिय सूक्तको अर्को श्लोकमा भनिएको छ,

*कामस्तदग्ने समवर्तताधि मनसो रेतः प्रथमं यदासित्,*
*सतो बन्धुमसति निरविन्दन् हृदिप्रतीप्या कवयो मनीषा ।*

सर्वप्रथम ईश्वरीय इच्छा प्रकट भयो, जुन कि सृष्टिकर्ताको मनको प्रथम वीज थियो ।
यसरी ऋग्वेदको उक्त श्लोकअनुसार इच्छाव्दारा नै उत्पत्ति भयो भन्ने कुरा उल्लिखित छ ।
इच्छा गर्ने बस्तु चेतनशील नै हुनपर्यो । चेतनाविहीन बस्तुले ईच्छा गर्ने त प्रश्न नै उठ्दैन ।

श्वेताश्वतरोपनिषद्‌को सुरुमा ब्रह्मबारे जिज्ञासा गर्दै भनिएको छ, *किं कारणं ब्रह्म कुतः स्म जाता* अर्थात्
जगत्‌को कारणभूत ब्रह्म कस्तो छ ? हामी कसबाट उत्पन्न भयौं । (श्वेत.१.१) दोश्रो श्लोकमा त्यसबारे यस्तो तर्क दिइएको छ, के काल, स्वभाव, नियति, यदृच्छा, भूत र पुरुष यी ब्रह्मका कारण हुन सक्छन् वा हुँदैनन्? के तिनीहरुको संयोग वा जीवात्मा सृष्टिको कारण हुनसक्छ ?यस प्रश्नको निराकरणमा भाष्यकार शंकराचार्य भन्छन् ती कुनै पनि स्वतन्त्र अस्तित्वको नहुनाले जगतको कारण हुनसक्दैन, न त तिनीहरुको संयोग नै कारण हुनसक्छ । त्यस्तै जीवात्मा पनि सुख, दुखको भागी हुनाले सृष्टि, स्थिति र प्रलयको कारण हुनसक्दैन । तब ती ब्रह्मवेत्ताहरुले प्रमाण आदिव्दारा ज्ञान नहुने त्यस मुलतत्वको विषय पत्ता लगाउने अरु कुनै उपाय नदेखी ध्यानयोगको मार्गव्दारा त्यस परम् मूलकारणलाई आफैले अनुभव गर्यो भनी उपनिषद्‌ले भन्छ । (श्वेत.१.२–३)

त्यसै गरी ऐत्तिरिय उपनिषद्‌को सूरुमै भनिएको छ : *ॐ आत्मा वा इदमेक एवाग्र आसीत्, नान्यत्किंचन मिषत् । सईच्छत लोकान्नु सृजा इति ॥*
अर्थात्, पहिले यो आत्मा एकमात्र थियो, चेष्टा गर्ने दोश्रो कोही थिएन । त्यसले निश्चय गर्यो कि लोकको रचना गरुँ र त्यसरी विचार गरी सृष्टि रच्यो । यसरी इक्षा गर्न सक्ने अर्थात् चेतनशील हुनाले मात्र त्यस आत्मा अर्थात् ब्रह्मले सृजना गर्नसक्यो भनिन्छ । यसबारे ब्रह्मसूत्रको सूत्र ५ मा पनि भनिएको छ, *ईक्षतेर्नाशब्दम्* अर्थात् श्रुतिमा उल्लेख नगरिएको हुनाले प्रधान वा प्रकृति जगतको कारण हुनसक्दैन, किनकि चेतना विहीन प्रकृतिले ईक्षा गर्न

सक्दैन । अर्थात् परमात्मा चेतनशील हुन्छ र यो सृष्टि उसको ईक्षाको कारणले नै संभव भएको हो भन्ने मान्यता श्रुतिको छ ।

ऐतरेयोपनिषद् अगाडि भन्छ, त्यस आत्माले अम्भ (द्युलोक तथा स्वर्गभन्दा माथिका लोक), मरीचि (अन्तरिक्षलोक), मर (पृथ्वी) र आपः (पाताल) यी सब लोकहरुको रचना गर्यो । त्यसपछि उसले लोकपालहरुको रचना गर्यो । उसले जलबाट हिरण्यगर्भ पुरुष (सृष्टिकर्ता ब्रम्हा) लाई निकालेर त्यसलाई मूर्तिमान् बनायो, सो उपनिषद्ले भन्छ । वैज्ञानिकहरु पनि विभिन्न खोज तथा अनुसन्धानपछि हिजोआज भन्न थालेका छन् कि सबैभन्दा पहिला जलचर प्राणिहरुको सृष्टि भयो । उपनिषद्कानुसार, त्यसपछि विभिन्न इन्द्रियहरुले युक्त प्राणि उत्पन्न भयो,  जसलाई परमात्माले भोक, प्यासले युक्त बनाए ।

मानिस नै सर्वश्रेष्ठ प्राणि तर्क गर्दै सो उपनिषद भन्छ, सबै देवताहरुले परमात्मालाई आफ्नोनिम्ति अन्न भक्षण गर्न उपयुक्त स्थानको माग गरे । त्यसपछि उनीहरुको निम्ति गाईको शरीर ल्याइयो । देवताहरुले भने, यो हाम्रोनिम्ति पर्याप्त छैन । त्यसपछि उनीहरुको निम्ति घोडाको शरीर ल्याइयो । उनीहरुले फेरि भने, यो पनि हाम्रो निम्ति पर्याप्त छैन । अनि मनुष्यको शरीर ल्याइएपछि उनीहरुले भने, बस अति सुन्दर । त्यसपछि देवताहरु मानिसको शरीरभित्र आ–आफ्नो आश्रयहरुमा प्रविष्ट भए । अनि अग्नि देवता वाक् बनेर मुखमा पसे, वायु देवता प्राण बनी नाकका प्वालमा पसे, सूर्य देवता नेत्रइन्द्रिय बनी आखामा प्रवेश गरे । दिशाहरुका अभिमानी देवता श्रोत्र बनेर कानमा प्रविष्ट गरे, औषधि तथा बनस्पतिका देवता रौं बनेर छालामा प्रवेश गरे, चन्द्रमा मन बनेर हृदयमा प्रवेश गरे, मृत्युका देवता अपान वायु बनेर नाभिमा प्रवेश गरे र जलका अभिमानी देवता वीर्य बनेर लिंगमा प्रवेश गरे । सृष्टिबारे सो उपनिषद्को वर्णन निकै रोचक छ ।

त्यस्तै अर्को रमाइलो वर्णन तैत्तिरियोपनिषद्मा छ,
*तस्माव्दा एतस्मादात्मन अद्भ्यः पृथिवी। सम्भूतः आकाशाव्दायुः । वायोरग्निः । अग्नेरापः । अद्यभ्यः । पृथिवी । पृथिव्या ओषधयः । ओषधीभ्योन्नम् ।*

अर्थात्, त्यस आत्माबाट आकाश उत्पन्न भयो, आकाशबाट वायु, वायुबाट अग्नि, अग्निबाट जल, जलबाट पृथ्वी, पृथ्वीबाट औषधिहरु, त्यसबाट अन्न, अन्नबाट पुरुष (मानिस), त्यो पुरुष अन्न–रसमय छ ।

यसको तात्पर्य हो, वायुको आश्रय अर्थात् आधार आकाश हो, भने अग्निको आश्रय वायु हो किनभने अक्सिजन विना आगो बल्दैन । त्यस्तै अग्नि अर्थात् तापबाट जल उत्पन्न हुन्छ । समुद्र, नदीको पानी सूर्यको तापले तातेर वाष्पिकरण हुन्छ, जसले वर्षा गराउंछ । त्यस्तै पृथ्वीको आधार जल हो किनभने पृथ्वीको सतहमा तीन चौथाइ जल हुन्छ भनी विज्ञानले पनि भन्छ । यो पुरुष अर्थात् मानिसको शरीर अन्न र जलव्दारा नै निर्मित भएकोले अन्न–जलमय भनिएको हो ।
बृहदारण्यकको सुरुमा सृष्टिलाई अश्वमेध यज्ञसंग तुलना गर्दै भनिएको छ, उषाकालीन समय अश्वको शिर हो भने सूर्य नेत्र हो, वायु प्राण हो, अग्नि खुला राखिएको मुख ो, संवत्सर अर्थात् १२ महिनाको साल शरीर अर्थात् आत्मा हो, द्युलोक पीठ, अन्तरिक्ष पेट, पृथ्वी खुट्टा राख्ने ठाउं हो भने नक्षत्र हड्डी हुन् नदीहरु नाडी हुन्, वर्षा अश्वले त्याग्ने मुत्र हो आदि । यसरी यो सारा सृष्टि प्रजापतिले गर्ने यज्ञ अर्थात् पवीत्र कर्म हो भनिएको छ । आकाशमा मेघ गर्जेर

वर्षा हुन्छ, त्यसले पृथ्वी सारा रसमय हुन्छ र त्यसबाट अन्न उत्पन्न भै प्राणिहरुको रक्षा हुन्छ, यी सब पवीत्र यज्ञ समान हुन् ।

बृहदारण्यकमा एकबाट अनेक कसरी सृष्टि भयो भन्नेबारे रमाइलो वर्णन छ। त्यसमा भनिएको छ, पहिले यो पुरुषाकार आत्मा एउटै थियो । सुरुमा संपूर्ण सृष्टिमा आफू एक्लो छु भन्ने बुझी उ भयभीत भयो । त्यसैले एक्लो पुरुष अहिले पनि भयभीत हुन्छ । त्यसपछि उसले विचार गर्यो म बाहेक अरु कोही नभए कोदेखि डराउनु। यसरी अव्दैतको यथार्थ ज्ञान भएपछि उसको भय हरायो । व्दैतमा भय हुनु स्वाभाविक हो । जबसम्म मानिसमा व्दैत भाव रहन्छ तबसम्म उ भय, चिन्त आदिको शिकार हुन्छ भन्ने वेदान्तको तर्क छ ।
त्यो पुरुष आफूलाई एक्लो पाएर रमाउन सकेन र उसले दोस्रो हुने इच्छा गर्यो । उ दुगुना शरीर भएको स्त्री–पुरुषरुपको बन्यो । त्यसपछि आफ्नो रुप भद्दा लागेर उसले भन्यो एउटा खस अर्थात् पतित होऊ । यसरी खसेर दुई भागमा विभक्त भै एउटा पति र अर्को पत्नी भए । अनि फेरि एक्लो भएपछि त्यो पुरुषले नियास्रो लागेर स्त्रीलाई अंकमाल गर्यो र तेस्रो अर्थात् सन्तान उत्पन्न भयो । त्यसपछि ती स्त्रीले सोची आफैबाट मलाई उत्पन्न गरी फेरि मलाई किन अंकमाल गर्छ, म लुक्छु भनी गाई बनिन्, पुरुष सांढे बन्यो र फेरि त्यसलाई अंकमाल गरे, बाच्छो जन्मियो ।

स्त्री फेरि लुकिन् र घोडी बनिन्, पुरुष घोडा बनेर फेरि अंकमाल गर्छ । त्यसपछि स्त्री भेंडी बनिन्, पुरुष भेंडा बनेर उनलाई अंकमाल गर्छन् । एवंरीतले मानिसदेखि कमिलासम्मका प्राणिहरु जन्मे, बृहदारण्यक भन्छ। कुरा दन्त्य कथा जस्तो लागेपनि यसले सृष्टि एकैपल्ट हैन कमिकरुपमा विकास हुंदै गएको सन्देश दिएको छ । विकासबादी सिध्दान्त प्रतिपादन गर्ने डार्विन भन्छन् सुरुमा जीव एक कोषीय थियो र विस्तारै विकसीत हुंदै बहुकोषीय जीव बन्दै अन्ततः मानिस जस्तो अत्यन्त विकसित र जटिल शरीर भएको प्राणि सृजना भयो । याज्ञवल्क्यरचित बृहदारण्यकको सृष्टिसम्बन्धी सो वर्णन पनि कम रोचक र ज्ञानवर्ध्दक छैन । यसरी वेद, उपनिषद्मा कतै कहानीको रुपमा त कतै दार्शनिक विचार मन्थनको रुपमा सृष्टिकासम्बन्धमा उठ्ने विभिन्न प्रकारका जिज्ञासाहरु समाधान गर्ने प्रयत्न गरिएको छ ।